गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, देउखुरी, दाङ
५ नं. प्रदेश, नेपाल

प.सं. :- ०७६।०७७ मिति:२०७६/१२/०३

चलानी नं. :- २००२

**विषयः न्यूनतम रोजगारीमा संलग्न हुने सम्बन्धमा ।**

श्री वडा कार्यालय सवै
गढवा दाङ ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ११४, मिति २०७६।११।२१ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी सूचना वडा कार्यालयबाटै प्रकाशित गरी बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गर्नुहुनका लागि अनुरोध गरिन्छ । साथै निवेदनका ढाँचा १(एक) प्रति यसै पत्र साथ संलग्छ ।

लालबहादुर योगी
(प्रमुख प्रशासकीय अधिकृत)

*प्रमुख प्रशासकिय अधिकृत*

नेपाल सरकार

**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

visit Nepal 2020

प.स. ७६।७७

च.न. ११५

विषयः- सूचना ।

मितिः २०७६।११।२१

श्री स्थानीय तह (सबै)

(मार्फत संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी देहाय बमोजिमको सूचना आवश्यक कार्यार्थ पठाएको व्यहोरा मिति २०७६।११।१९ को निर्णयानुसार अनुरोध छ :-

<u>न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना</u>

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.npबाट प्राप्त गर्न सकिने छ ।

डा. लोकनाथ भुसाल

उपसचिव

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नं. ०१-४२००४७७ फ्याक्स नं. ०१-४२११८७७ Email info.pmep.np@gmail.com Website: pmep.gov.np

• नतिजामुखी प्रशासनः समृद्धि र सुशासन•

गढवा गाउँपालिका दाङ

दर्ता नं. 3760

मिति ०७६।१२।१६